# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ११ ] काठमाडौं, कार्तिक २८ गते २०१८ साल [ संख्या ३०

श्री ५ को सरकार

अर्थ, आर्थिक कार्य विषय मन्त्रालय

श्री ५ को सरकारले जारी गरेको तल लेखिए बमोजिमको आदेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

तथ्यांक ऐन, २०१५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका आदेशहरू जारी गरेको छ।

१ संक्षिप्त नाम र प्रारम्भ :- (१) यी आदेशहरूको नाम तथ्यांक (कृषि) आदेशहरू, २०१८ रहेको छ।

(२) यी आदेशहरू नेपाल गजेटमा प्रकाशित भएका मितिदेखि प्रारम्भ हुनेछन्।

२ परिभाषा:- (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी आदेशहरूमा-

(क) "ऐन" भन्नाले तथ्यांक ऐन, २०१५ सम्झनु पर्दछ।

(ख) "विभाग" भन्नाले श्री ५ को सरकारले खडा गरेको केन्द्रीय तथ्यांक विभाग सम्झनु पर्दछ।

(

89

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३, कृषि तथ्यांक संकलन गर्नेः— (१) यी आदेशहरू प्रारम्भ भएपछि विभागको डाइरेक्टर वा निजको रेखदेख र नियन्त्रणमा निजको मातहत रही काम गर्ने अरू अफिसरले श्री ५ को सरकारले समय समयमा नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिएको जिल्ला वा क्षेत्रको कृषि तथ्यांक सम्बन्धी देहायमा लेखिएका कुराहरूको लगत संकलन गर्नु पर्दछ।

(क) कृषि र कृषकहरू सम्बन्धी लगतहरू,

(ख) लगत संकलन गर्ने अफिसरको छनौटमा परेको विभिन्न ऋतुको विभिन्न बालीको नाम तौल परिमाण सम्बन्धी लगतहरू ।

(ग) कृषक परिवारले कमाएकौ जग्गाको क्षेत्रफल सम्बन्धी लगतहरू

(२) उपदफा (१) बमोजिमको लगत संकलन गर्ने काममा अधिकार प्राप्त अफिसरले मागेको बखत आवश्यक मद्दत दिनु प्रत्येक थरी, मुखिया, जिम्मावाल तालुकदार, पटवारीहरूको कर्तव्य हुनेछ।

४. इलाका तोक्ने अधिकारः— आदेश ३ बमोजिम कृषि तथ्यांक संकलन गर्ने प्रयोजनको निमित्त डाइरेक्टरले आफ्नो विभागको अफिसरलाई निजहरूले कृषितथ्यांक गर्ने इलाकाहरू तोकिदिन सक्नेछ। कुनै इलाकाको निमित्त कृषितथ्यांक संकलन गर्न खटिएका अफिसरले यो कामको लागि आवश्यक भएका आफूमुनिका कर्मचारीहरूको मद्दत लिन सक्नेछ।

५. कृषि तथ्यांक संकलन गर्न खटिएका अफिसरहरूको कर्तव्य र अधिकारः— डाइरेक्टर वा आदेश ४ बमोजिम कुनै इलाकामा कृषि तथ्यांक संकलन गर्न खटिएका अफिसरको कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(१) आफ्नो लाका भित्रका कुनै कृषक वा निजको परिवारका मुख्य जानीफकारसंग दफा ३ बमोजिमको तथ्यांक संकलन गर्न आवश्यक देखेको प्रश्नहरू सोध्ने ।

(२) आफ्नो इलाका भित्रका सबै वा छनौटमा परेका कुनै कृषकको जग्गा नाप गर्ने र छनौटमा परेका जग्गाको आवश्यक बाली सरोकारवाला कृषकको सामुन्ने काट्ने र त्यसरी काटिएका बालीको नाप तौल गर्ने र आवश्यक परे सो बालीलाई प्रचलित गाउँ बजारको भाउमा खरीद गर्ने र आवश्यक नपरे फिर्ता दिने,

(३) ऐनको दफा ६ को देहाय (क) (ख) (ग) मा लेखिएका अधिकारहरू प्रयोग गर्ने ।

६. कृषि तथ्यांकको नक्कल दिने र त्यसको प्रकाशनः— (१) कुनै जिल्ला वा थुमको व्यक्ति बाहेक सामूहिक कृषि तथ्यांक कुनै व्यक्तिले मागेमा डाइरेक्टरले त्यस्तो व्यक्तिसंग

62

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुल्य लिई प्रतिलिपि दिन वा श्री ५ को सरकारले तोकिदिए बमोजिमको नक्कल सार्ने दस्तूर लिई नक्कल सारी दिन सक्ने छ।

(२) कृषि तथ्यांक सम्बन्धी सामहिक लगतको डाइरेक्टरले उपयुक्त ठहराए जति प्रतिलिपि तयार गराउन र प्रकाशनमा ल्याउन सक्नेछ।

७. विभागले सम्पर्क राख्नेः– विभागले श्री ५ को सरकारका मन्त्रालय विभाग वा अड्डासंग कृषि तथ्यांक सम्बन्धी कुनै कुरामा सोझै लेखापढी गर्न सक्नेछ र आवश्यक सहयोग-समेत माग्न सक्नेछ र त्यसरी मागेका बखत आवश्यक सहयोग दिनु ती मन्त्रालय विभाग र अड्डाहरूको कर्तव्य हुनेछ।

८. सवारीको सुविधाः– कृषि तथ्यांक संकलन गर्ने काममा विभागका कुनै अफिसर एक क्षेत्रबाट अर्को क्षेत्रमा जानुपरेमा उक्त ठाउँको लागि उपयुक्त सवारी उपलब्ध गराइ-दिनु वा त्यसको लागि आवश्यक प्रबन्ध गरिदिनु स्थानीय गढी गौंडा गोस्वाराको कर्तव्य हुने छ।

९. सुरक्षाको प्रबन्धः– कृषि तथ्यांकको काममा नियुक्त भएको अफिसरले आफ्नो काममा जांदा आफ्नो जिउ ज्यानको सुरक्षाको निमित्त आवश्यकता परेमा स्थानीय पुलिस अधिकारी वा बडाहाकिम वा मेजिष्ट्रेटबाट मद्दतहरू माग्न सक्ने छ र त्यसरी मागेका बखत आवश्यक मद्दत दिनु पुलिस अधिकारी र बडाहाकिम वा मेजिष्ट्रेटको कर्तव्य हुने छ।

१०. बाधा दिनेलाई कारवाइ गर्नेः– यी आदेशहरू बमोजिम तथ्यांक संकलन गर्ने काममा व्यक्तिहरूलाई भटकाई वा हूल हुज्जत गराई वा झुट्टा कुराको प्रचार गरी वा अरू कुनै तरीकाले बाधा पुऱ्याउने व्यक्तिहरूलाई आफले थाहा पाउनासाथ ऐन बमोजिम तुरुन्त कारवाइ गरी तथ्यांक संकलन गर्ने काम सम्पन्न गराउन अनुकूल परिस्थिति सिर्जना गर्ने गराउने कर्तव्य स्थानीय बडाहाकिम वा मेजिष्ट्रेटको हुने छ।

आज्ञाले

यादवप्रसाद पन्त

श्री ५ को सरकारको सचिव

अर्थ, आर्थिक कार्य विषय मन्त्रालय

श्री ५ को सरकार

## अर्थ, आर्थिक कार्य विषय मन्त्रालयको सूचना

श्री ५ को सरकारको ०१८।४।३।३ को निणयानुसार भावी कृषि गणनामा सोधिने मुख्य मुख्य प्रश्नहरू तल लेखिए अनुसार भएको र अरू प्रश्न इनै प्रश्नहरूको आधारमा सोधिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

४३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

०–कृषकको पेशा र परिवारको संख्या

१–कृषकले चलन गरेको जग्गा र उपयोग

२–चलन गरेका जग्गाको उपयोग

३–जग्गामा मलको प्रयोग

४–विभिन्न बाली–

५–पानी पटनी–

६–कृषिका औजार

७–कृषि उत्पादन गाउं बाहिरं लैजादा प्रयोग गरिने साधन

८–खेतीमा प्रयोग गरिएको शक्ति

९–पाल्तु वस्तु भाउ

१०–पाल्तु चरा

११–आफ्नो हकको आफैले चलन गरेको जग्गा

१२–अरूको हकको तर हाल आफूले चलन गरेको जग्गा

१३–आफ्ना हकको अरूलाइ कमाउन दिएको जग्गा

आज्ञाले–

यादवप्रसाद पन्त

श्री ५ को सरकारको सचिव,

अर्थ, आर्थिक कार्य विषय मन्त्रालय

## श्री ५ को सरकार

## अर्थ आर्थिक कार्य विषय मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको बिकास योजना नियम (संशोधन) २०१८ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

विकास योजना नियम २०१६ (यस पछि मूल नियम भनिएको) मा संशोधन गर्न वाञ्छनीय भएकोले प्रशासकीय कार्य विधि नियमित गर्ने ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियम बनाएको छ ।

१. संक्षिप्त नाम : (१) यी नियमहरूको नाम विकास योजना नियम (संशोधन) २०१८ रहेको छ ।

(२) यी नियमहरू अनुसूची (क) मा लेखिए बमोजिमको विकास योजनाको सम्बन्धमा तुरुन्त प्रारम्भ हुने छन् ।

५८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. मूल नियमको अनुसूची (क) मा संशोधन :– मूल नियमको अनुसूची (क) को नं १३ पछि देहायको नं १४ थपिएको छ ।

(१४) हुलाक सम्बन्धी योजनाहरू :–

हुलाक विभाग र सो अन्तर्गतका योजनाहरू ।

आज्ञाले–

डा. यादवप्रसाद पन्त

श्री ५ को सरकारको सचिव

अर्थ आर्थिक कार्य विषय मन्त्रालय

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।